मिति २०७५ साल अषाढ २२ गते शुक्रवारका दिन श्रीमान प्रमुख जिल्ला अधिकारी हरिप्रसाद पन्तज्यू को अध्यक्षतामा मालपोत ऐन २०३४ तथा नियमावली, २०३६ को नियम ५/ख बमोजिम आ.व. २०७५/०७६ का लागि मालपोत कार्यालय, मनाङको कार्यक्षेत्र भित्रको रजिष्ट्रेशन प्रयोजनका लागि न्यूनतम मूल्याङ्कन समितिको वसेको बैठकमा देहाय बमोजिमको उपस्थितिमा निम्न प्रस्ताव माथि छलफल भै तपसील अनुसारको न्यूनतम मूल्याङ्कन कायम गरी मिति २०७५ साल श्रावण १ गते देखि लागू गर्ने निर्णय गरियो ।

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| श्री हरिप्रसाद पन्त | - प्रमुख जिल्ला अधिकारी, | जिल्ला प्रशासन कार्यालय, मनाङ | अध्यक्ष |
| श्री यज्ञ घले | - प्रमुख , | जिल्ला समन्वय समिति, मनाङ | सदस्य |
| श्री रञ्जीत घिमिरे | - नि. कार्यालय प्रमुख | नापी कार्यालय, मनाङ | सदस्य |
| श्री नुतनेश्वर पौडेल | - नि.कोष नियन्त्रक | को.ले.नि.का, मनाङ | सदस्य |
| श्री केहर सिंह गुरुङ | - का.मु. प्रबन्धक | नेपाल बैंक लिमिटेड, मनाङ | सदस्य |
| श्री सन्तोष श्रेष्ठ | - प्रतिनिधि | उद्योग वाणिज्य संघ, मनाङ | सदस्य |
| श्री बेद प्रसाद खतिवडा | - कार्यालय प्रमुख | मालपोत कार्यालय, मनाङ | सदस्य सचिव |

**आमन्त्रितः**

| | |
|---|---|
| श्री लोकेन्द्र बहादुर घले | अध्यक्ष, चामे गाउँपालिका, मनाङ |
| श्री मेङखु गुरुङ | उपाध्यक्ष, मनाङ ङिस्याङ , मनाङ |
| श्री खड्ग बहादुर खत्री | प्र.ना.उ., जिल्ला प्रहरी कार्यालय, मनाङ |
| श्री जयराज भण्डारी | स.प्र.जि.अ.,जिल्ला प्रशासन कार्यालय, मनाङ |
| श्री युवराज अधिकारी | प्रमुख प्रशासकिय अधिकृत, चामे गाउँपालिका, मनाङ |
| श्री टीका बहादुर गोदार | प्रमुख प्रशासकिय अधिकृत, मनाङ ङिस्याङ गाउँपालिका, मनाङ |
| श्री संजीव कुमार चौधरी | अनुसन्धान अधिकृत, राष्ट्रिय अनुसान्धान कार्यालय, मनाङ |
| श्री ईश्वर पौडेल | ना.सु. , मालपोत कार्यालय, मनाङ |
| श्री सन्तोष आचार्य | स.लेखापाल, चामे गाउँपालिका, मनाङ |

## निर्णय नं. १

मालपोत कार्यालय मनाङको कार्य क्षेत्र अन्तर्गत रजिष्ट्रेशन प्रयोजनका लागि आर्थिक बर्ष २०७५/०७६ को न्यूनतम मूल्याङ्कन विवरण देहाय बमोजिम कायम गर्ने निर्णय गरीयो ।

प्रति रोपनी न्यूनतम मूल्य रु.

| सि. नं. | गा.वि.स./ वडा | बाटोले नछोएको | | बाटोले छोएको | | | |
|---|---|---|---|---|---|---|---|
| | | चाहार | पाँचौ | गोरेटो बाटो | | मूल मोटर बाटो | सहायक मोटर बाटो |
| | | | | चाहार | पाँचौ | | |
| १ | धारापानी १-९ | ७०,०००।- | ५०,०००।- | ८०,०००।- | ६०,०००।- | ४,००,०००।- | ३,००,०००।- |
| २ | थोचे १-९ | ६५,०००।- | ४५,०००।- | १७५,०००।- | १३०,०००।- | - | २,४०,०००।- |
| ३ | ताचै वगरछाप १-९ | ७०,०००।- | ५०,०००।- | ८०,०००।- | ६०,०००।- | ४,००,०००।- | ३,००,०००।- |
| ४ | चामे १-९ | १,००,०००।- | ८०,०००।- | १८०,०००।- | १,७५,०००।- | ११,००,०००।- | ७,५०,०००।- |
| ५ | पिसाङ १-९ | ७०,०००।- | ५०,०००।- | ८०,०००।- | ६०,०००।- | ४,००,०००।- | ३,००,०००।- |
| ६ | भ्राका १-९ | ७०,०००।- | ५०,०००।- | ८०,०००।- | ६०,०००।- | ४,००,०००।- | ३,००,०००।- |
| ७ | टंकी मनाङ १-९ | ६०,०००।- | ५५,०००।- | ८०,०००।- | ६०,०००।- | ३,००,०००।- | २,००,०००।- |
| ८ | घ्यारु/ङावल १-५ | ४०,०००।- | ३८,०००।- | ५०,०००।- | ४५,०००।- | - | १,००,०००।- |
| ९ | घ्यारु/ङावल ६-९ | ७०,०००।- | ५०,०००।- | ८०,०००।- | ६०,०००।- | - | २,००,०००।- |
| १० | मनाङ १-९ | ८०,०००।- | ६०,०००।- | ९०,०००।- | ८०,०००।- | ५,००,०००।- | ३,५०,०००।- |
| ११ | खाङसार १-९ | ४०,०००।- | ३५,०००।- | ५०,०००।- | ४५,०००।- | १,५०,०००।- | १,००,०००।- |
| १२ | नार १-९ | २५,०००।- | २२,०००।- | ३०,०००।- | २५,०००।- | - | - |
| १३ | फु १-९ | २०,०००।- | १८,०००।- | २५,०००।- | २०,०००।- | - | - |

**निर्णय नं. २**

यस जिल्ला भरका सबै गा.वि.स. हरुमा निर्माणाधिन र निर्माण भै सकेका घरहरुको रजिष्ट्रेशन लिखत पारित प्रयोजनका लागि देहाय बमोजिमको मूल्याङ्कनमा नघट्ने गरी गा.वि.स.को सिफारिसमा उल्लेखित मूल्य कायम गर्ने निर्णय गरियो ।

**तपसील**

क) पक्की घर ३ तलाको रु. १२,००,०००।- ( रु. बाह्र लाख)

ख) पक्की घर २ तलाको रु. ९,००,०००।- (रु. नौ लाख)

ग) पक्की घर १ तलाको रु. ६,०००००।- (रु. छ लाख)

घ) कच्ची घरको रु. १,५०,०००।- (एकलाख पचास हजार)

**निर्णय नं. ३**

मालपोत कार्यालयमा लिखत रजिष्ट्रेशनका लागि कागजात पेश हुँदा बेशिसहर चामे सडक र चामे-मनाङ सडक सँग जोडिएका कित्ता जग्गाहरुलाई मूल मोटर बाटोले छोएको र मूल मोटर बाटो बाट सहायक मोटर बाटो गएको कित्ता सँग जोडिएका जग्गाहरुलाई सहायक मोटर बाटोसँग जोडिएको साथै घर भए नभएको घर भएमा घरको प्रकार र न्यूनतम मूल्यमा नघट्ने गरी घरको मूल्य समेत उल्लेख हुने गरी घर बाटो सिफारिस गरिदिन सबै गा.वि.स.हरुलाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

गा.वि.स. कार्यालयबाट सिफारिस भै आएको घर बाटोको सम्बन्धमा लिखत पारित हुनु अगावै कुनै सूचनाद्धारा सिफारिस बेमुनासिव छ भन्ने सिकायत प्राप्त भएमा कार्यालयबाट फिल्ड निरिक्षण गरी मूल्याङ्कन कायम गर्न सकिने निर्णय गरियो ।

**निर्णय नं. ५**

लिखतमा घर नखुलाई पारितबाट पछि घर थियो भनी मालपोत कार्यालयमा दाबी गर्न पाइने छैन । लिखतमा घर छिपाई पारित भएको ठहरेमा सम्बन्धीत पक्ष (धनी) बाट घरको

मूल्याङ्कन अनुसारको राजस्व आर्थिक ऐनले तोकेको थप जरीवाना र घर कायमको दस्तुर समेत असुल गरी घर कायम गरिने निर्णय गरियो ।

**निर्णय नं. ६**

गा.वि.स.को कार्यालयबाट प्राप्त हुने घरबाटोको सिफारिसमा राजकुलो, खहरे, खोलाबाटो उल्लेख भई आएमा गोरेटो बाटो सरहको मूल्याङ्कन कायम गरिने छ ।

एउटै कित्ताबाट कित्ताकाट भई विभिन्न कित्ता कायम गरि खरिद विक्रि गर्दा मुल कित्ताको मूल्याङ्कनलाई आधार लिई सोही अनुसार मुल्याङ्कन कायम गरिने निर्णय गरियो ।

**निर्णय नं. ७**

गा.वि.स.को कार्यालयबाट प्राप्त हुने घरबाटोको सिफारिस राजस्व असुलीसँग सरोकार राख्ने हुँदा सम्बन्धीत निकायबाट प्राप्त सिफारिसमा घर बाटोको ब्यहोरा फरक पर्न गई नेपाल सरकारलाई प्राप्त हुने राजस्व कम हुन गएमा सम्बन्धीत सिफारिस कर्ता एवं कारिणीहरु जिम्मेवार वा जवाफदेही हुनु पर्ने छ भनि निर्णय गरियो ।